# कारागार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धमा प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन

१. कारागार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा (१) को उपदफा (१) मा रहेका "कारागार ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "कारागार ऐन, २०७८" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा २ को,-

(१) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउनेः-

"(च) "खुला कारागार" भन्नाले कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाउँभन्दा बाहिर समेत गई कुनै काम गर्न पाउने गरी नेपाल सरकारले तोकेको कुनै ठाउँ सम्झनु पर्छ ।"

(२) खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपी खण्डक्रम मिलाउनेः-

"(ट) "प्रदेश कारागार" भन्नाले प्रदेश सरकार मातहत सञ्चालन र व्यवस्थापन हुने कारागार सम्झनु पर्छ ।"

(३) खण्ड (ढ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (त) पछि देहायको खण्ड (थ) थपी खण्डक्रम मिलाउनेः-

"(थ) "विशेष कारागार" भन्नाले दफा ४१ बमोजिमको विशेष कारागार सम्झनु पर्छ ।"

(४) खण्ड (त) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (द) पछि देहायको खण्ड (ध) थप्नेः-

"(ध) "सङ्घीय कारागार" भन्नाले नेपाल सरकार मातहत सञ्चालन र व्यवस्थापन हुने कारागार सम्झनु पर्छ ।"

३. विधेयकको दफा ४ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपी खण्डक्रम मिलाउनेः-

"(ग) कारागारलाई सुधार गृहका रुपमा विकास गरी बन्दीलाई मनोसामाजिक परामर्श सहित उत्पादनको कार्यमा लगाउन आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,"

४. विधेयकको दफा ५ र ६ को सट्टा देहायका दफा ५ र ६ राख्नेः-

"५. <u>कारागारको स्थापनाः</u> (१) नेपाल सरकारले आवश्यकता अनुसार कारागारको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कारागारलाई सुरक्षा संवेदनशिलता, भौतिक पूर्वाधार, व्यवस्थापकीय क्षमता, प्रशासनिक सुगमता र भौगोलिक अवस्थिति समेतका आधारमा नेपाल सरकारले सङ्घीय कारागार वा प्रदेश कारागारको रुपमा तोक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला कारागार वा विशेष कारागारको रुपमा स्थापना भएका कारागार स्वतः सङ्घीय कारागारको रुपमा रहनेछन् ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका कारागारलाई उपदफा (१) मा उल्लिखित आधारमा नेपाल सरकारले सङ्घीय कारागार वा प्रदेश कारागारको रुपमा तोक्नेछ ।

६. <u>कारागारको व्यवस्थापनः</u> (१) दफा ५ बमोजिम स्थापना भएका वा तोकिएका सङ्घीय कारागारको व्यवस्थापन नेपाल सरकारले र प्रदेश कारागारको व्यवस्थापन सम्बन्धित प्रदेश सरकारले गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका कारागारलाई दफा ५ को उपदफा (४) बमोजिम नेपाल सरकारले सङ्घीय कारागार वा प्रदेश कारागारको रुपमा नतोकेसम्म त्यस्तो कारागारको व्यवस्थापन नेपाल सरकारले गर्नेछ ।

(३) सङ्घीय कारागारमा कारागार प्रशासक तथा अन्य कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य मन्त्रालयले गर्नेछ ।

(४) प्रदेश कारागारमा कारागार प्रशासक तथा अन्य कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य प्रदेश सरकारले गर्नेछ ।

तर प्रदेश सरकारबाट कर्मचारी व्यवस्था नभएसम्म प्रदेश कारागारको व्यवस्थापनको लागि नेपाल सरकारले सङ्घीय निजामती सेवाका कर्मचारीलाई खटाउनेछ ।

(५) आफ्नो जिल्लाभित्र रहेका कारागारको रेखदेख, समन्वय र सुरक्षा प्रबन्ध मिलाउने जिम्मेवारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

(६) कारागारको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

५. विधेयकको दफा ७ को,-

(१) उपदफा (१) को शुरुमा "यो ऐन तथा अन्य प्रचलित कानून बमोजिमको काम, कर्तव्य र अधिकारको अतिरिक्त" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (१) पछि देहायका उपदफा (२) र (३) थपी उपदफाक्रम मिलाउनेः-

"(२) कारागार प्रशासक सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी प्रति समेत उत्तरदायी हुनेछ ।

(३) कारागार प्रशासक आफुलाई तोकिएको सरकारी आवासमा बस्नु पर्नेछ र सामान्यतयाः कारागार छोडी अन्यत्र जानु अघि प्रमुख जिल्ला अधिकारीको अनुमति लिनु पर्नेछ ।"

(३) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दफा ४६" भन्ने शब्दहरुहो सट्टा "दफा ५४" भन्ने शब्दहरु राख्ने ।

६. विधेयकको दफा ८ को,-

(१) उपदफा (२) मा रहेको "वा" भन्ने शब्दको सट्टा "तथा" भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) मा रहेका "कम्तीमा एकजना" भन्ने शब्दहरु झिक्ने ।

(३) उपदफा (४) मा रहेका "कारागार वा बन्दीको" भन्ने शब्दहरुको सट्टा "कारागार तथा बन्दीको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा" भन्ने शब्दहरु झिक्ने ।

(४) उपदफा (५) झिकी उपदफाक्रम मिलाउने ।

७. विधेयकको दफा ९ को,-

(१) उपदफा (१) मा रहेका "थुनुवा पूर्जी वा कैदी पूर्जी नदिई" भन्ने शब्दहरुको सट्टा "त्यस्तो पूर्जी बिना" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका "देहायको विवरण" भन्ने शब्दहरुको सट्टा "देहायको विवरण समेत" भन्ने शब्दहरु राखी सो उपदफाको खण्ड (ङ) झिक्ने ।

(३) उपदफा (३) मा रहेका "देहायको विवरण" भन्ने शब्दहरुको सट्टा "देहायको विवरण समेत" भन्ने शब्दहरु राखी सो उपदफाको खण्ड (च) झिक्ने ।

(४) उपदफा (४) मा रहेका "देहायको विवरण" भन्ने शब्दहरुको सट्टा "देहायको विवरण समेत" भन्ने शब्दहरु राखी सो उपदफाको खण्ड (ङ) झिक्ने ।

(५) ठाउँ ठाउँमा रहेको "पूर्-जी" भन्ने शब्दको सट्टा "पूर्जी" भन्ने शब्द राख्ने ।

८. विधेयकको दफा १० को उपदफा (१) को अन्त्यमा "यसरी शरीर तलासी लिँदा महिलाको हकमा महिला सुरक्षाकर्मीबाट तलासी लिनु पर्नेछ ।" भन्ने वाक्य थप्ने ।

९. विधेयकको दफा १४ को उपदफा (५) पछि देहायको उपदफा (६) थप्नेः-

"(६) कैद अवधि भुक्तान गरी सकेको तर परिवार वा आफन्त नभएको वा भए पनि सम्पर्कमा नआएका वा शारीरिक वा मानसिक समस्याका कारण कैद मुक्त भएर पनि परिवारमा फर्कन नसक्ने बन्दीलाई कारागार प्रशासकले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी त्यस्ता व्यक्तिको हेरचाह गर्ने सरकारी संस्था वा सो प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संस्थाको जिम्मा लगाउन सक्नेछ ।"

१०. विधेयकको दफा १५ को,-

(१) उपदफा (१) मा रहेका "उपलब्ध भएसम्म" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर त्यस्तो भवनको व्यवस्था नभएसम्मको लागि महिला र पुरुष बन्दीलाई आवत जावतको छुट्टाछुट्टै व्यवस्था गरी भवनको भिन्दा भिन्दै भाग (ब्लक) मा राखु पर्नेछ ।"

(३) उपदफा (३) झिकी उपदफाक्रम मिलाउने ।

(४) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका "उपदफा (२), (३) र (४) को अधीनमा रही देहायका बन्दीलाई सम्भव भएसम्म" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) र (३) को अधीनमा रही देहायका बन्दीलाई" भन्ने शब्दहरु राख्ने र सो उपदफाको खण्ड (ङ) झिकी खण्डक्रम मिलाउने ।

११. विधेयकको दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) पाँच सय जनाभन्दा बढी बन्दी रहने प्रत्येक कारागारमा तोकिए बमोजिमको शैया रहेको एउटा अस्पताल र सो भन्दा कम बन्दी रहने कारागारमा एउटा स्वास्थ्य चौकीको व्यवस्था गर्नु पर्नेछ ।"

१२. विधेयकको दफा १७ को उपदफा (३) मा रहेका "प्रवेश गर्नु अघि" भन्ने शब्दहरु पछि "तोकिए बमोजिमको" भन्ने शब्दहरु थप्ने ।

१३. विधेयकको दफा १८ को,-

(१) उपदफा (२) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थप्नेः-

"(च) कारागार भित्र रहेका अन्य बन्दीलाई भौतिक आक्रमण गरेको,

(छ) कारागार भित्र रही कारागार बाहिरका आपराधिक क्रियाकलापमा संलग्न भएको ।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नेः-

"(५) यस दफा बमोजिम विशेष सुरक्षा कक्षमा बन्दीलाई राखिएको जानकारी कारागार प्रशासकले सङ्घीय कारागारको हकमा विभाग र प्रमुख जिल्ला अधिकारीलाई तथा प्रदेश कारागारको हकमा प्रदेश सरकारको कारागार हेर्ने मन्त्रालय, विभाग र प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।"

१४. विधेयकको दफा २० को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः-

"(२) कारागार प्रशासकले दीर्घ रोगी, मानसिक रोगी वा कडा रोग लागेका बन्दीको लागि उपदफा (१) बमोजिमको राशनको अतिरिक्त थप पौष्टीक आहाराको व्यवस्था गर्नु पर्नेछ ।"

(२) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "एक वर्षभन्दा बढी कैदमा रहने" भन्ने शब्दहरु झिक्ने ।

१५. विधेयकको दफा २१ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) बन्दीलाई देहायको अवस्थामा हतकडी लगाइने छैनः-

(क) कारागारमा रहेका बखत,

(ख) कडा वा जटिल रोग लागी उपचारको क्रममा अस्पतालमा रहेका बखत,

(ग) सम्बन्धित मुद्दाको सुनुवाईका बखत वा निजसँग अदालतबाट सोधपुछ गर्दा वा बयान लिंदा अदालतभित्र ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को खण्ड (क)" भन्ने शब्दहरु राख्ने र सोही उपदफाको खण्ड (ग) मा रहेका "दफा ४३" भन्ने शब्दहरुको सट्टा "दफा ५०" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (३) झिक्ने ।

१६. विधेयकको दफा २२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) कारागार कार्यालयले सबै बन्दीलाई सरकारी चिकित्सकद्वारा कम्तीमा दुई महिनाको एकपटक नियमित रुपमा र आवश्यकता अनुसार निःशुल्क स्वास्थ्य परीक्षण र उपचार गराउनु पर्नेछ ।

(२) उपदफा (२) झिकी उपदफाक्रम मिलाउने ।

(३) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (२) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनेः-

"(३) बन्दीले नियमित रुपमा सेवन गर्ने औषधि कारागार कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।"

१७. विधेयकको दफा २३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) कारागार प्रशासकले बन्दीको प्रजनन अधिकार संरक्षण गर्ने प्रयोजनको लागि तोकिए बमोजिमको उपयुक्त व्यवस्था गर्नु पर्नेछ ।"

१८. विधेयकको दफा २४ को,-

(१) उपदफा (२) मा रहेका "खुला शिक्षा" भन्ने शब्दहरु पछि "खुला शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) मा रहेका "प्रौढ शिक्षा" भन्ने शब्दहरुको सट्टा "वैकल्पिक शिक्षा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (५) मा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित तहको लागि निर्धारण भए बमोजिमको" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (५) पछि देहायको उपदफा (६) थपी उपदफाक्रम मिलाउनेः-

"(६) उच्च शिक्षाको परीक्षा दिनु पर्ने बन्दीलाई कारागार प्रशासकले त्यस्तो परीक्षामा सहभागी हुने व्यवस्था मिलाइ दिनु पर्नेछ ।"

(५) उपदफा (६) मा रहेका "तोकिए बमोजिमको नैतिक शिक्षा, योग अभ्यास तथा त्यस्तै अन्य कार्यक्रम" भन्ने शब्दहरुको सट्टा "नैतिक शिक्षा, योग अभ्यास जस्ता कार्यक्रम" भन्ने शब्दहरु राख्ने ।

१९. विधेयकको दफा २५ को,-

(१) उपदफा (३) मा रहेका "तोकिए बमोजिमको आय रकम" भन्ने शब्दहरुको सट्टा "श्रमको योगदानको आधारमा तोकिए बमोजिमको रकम" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः-

"(४) उपदफा (१) बमोजिम सीपमूलक वा आयमूलक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२०. विधेयकको दफा २६ को,-

(१) उपदफा (२) मा रहेका "बन्दीलाई काममा लगाइएकोमा निजलाई तोकिए बमोजिमको पारिश्रमिक" भन्ने शब्दहरुको सट्टा "बन्दीले काम गरे वापत योगदानको आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोकिए बमोजिमको पारिश्रमिक" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर आंशिक समय काम गर्ने बन्दीलाई योगदानको आधारमा तोकिए बमोजिमको पारिश्रमिक दिनु पर्नेछ ।"

२१. विधेयकको दफा ३० को उपदफा (३) पछि देहायको उपदफा (४) थपी उपदफाक्रम मिलाउनेः-

"(४) यस दफा बमोजिम बन्दीलाई अदालतमा उपस्थित गराउँदा अदालतसँग समन्वय गरी श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिनेछ ।"

२२. विधेयकको दफा ३१ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले एक प्रदेश कारागारबाट अर्को प्रदेश कारागारमा वा प्रदेश कारागारबाट सङ्घीय कारागारमा वा सङ्घीय कारागारबाट प्रदेश कारागारमा बन्दी स्थानान्तरण गर्न सक्नेछ ।

तर खुला कारागार वा विशेष कारागारमा रहेका बन्दीलाई सोही प्रकृतिको कारागारमा मात्र स्थानान्तरण गर्न सकिनेछ ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने:-

"(४) उपदफा (१) वा (३) बमोजिम बन्दी स्थानान्तरण गर्दा सम्बन्धित कारागार कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।"

(३) उपदफा (६) पछि देहायको उपदफा (६) थप्ने:-

"(६) बन्दी स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२३. विधेयकको दफा ३२ को,-

(१) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम मृत्युको कारण स्पष्ट भए पछि" भन्ने शब्दहरुको सट्टा "कुनै बन्दीको मृत्यु भएकोमा सम्बन्धित चिकित्सकबाट मृत्युको यकिन भएपछि" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपी उपदफाक्रम मिलाउने:-

"(३) उपदफा (२) बमोजिम परिवारका सदस्य वा आफन्तलाई जानकारी दिँदा टेलिफोन वा विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम जानकारी दिन नसकिएमा वा विदेशी बन्दीको मृत्यु भएकोमा सोको जानकारी दिने प्रयोजनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्न सकिनेछ ।"

(३) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "उपदफा (२) बमोजिम जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "उपदफा (२), (३) वा (४) बमोजिम जानकारी प्राप्त गरेको वा सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका "कारागारमा रहेको बेवारिसे बन्दीको मृत्यु भएमा" भन्ने शब्दहरुको सट्टा "जिम्मा लिने आफन्त नभएमा" भन्ने शब्दहरु राख्ने ।

२४. विधेयकको दफा ३४ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो नाबालकको सम्पूर्ण हेरविचार, शिक्षा, दिक्षा र पालन पोषणको व्यवस्था गर्न कारागार प्रशासकले सम्बन्धित बन्दीको सहमति र प्रमुख जिल्ला अधिकारीको समन्वयमा बाल कल्याण सम्बन्धी काम गर्ने सरकारी संस्था वा सो प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संस्थाको जिम्मा लगाउन सक्नेछ ।"

(२) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने ।

२५. दफा ३६ को उपदफा (१) मा रहेको "बालबालिकाको" भन्ने शब्दहरुको सट्टा "वा बन्दीसँग आश्रित भई कारागारमा रहेका नाबालकको" भन्ने शब्दहरु राख्ने ।

२६. दफा ३७ को,-

(१) उपदफा (१) मा रहेका "बसोबास, खानपान र स्वास्थ्य परीक्षणका सम्बन्धमा" भन्ने शब्दहरुको सट्टा "उपयुक्त बसोबास, पौष्टिक आहारा, नियमित स्वास्थ्य परीक्षण र औषधि उपचारका सम्बन्धमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "साठी दिन" भन्ने शब्दहरुको सट्टा "अन्ठानब्बे दिन" भन्ने शब्दहरु र "बैङ्क जमानत लिई" भन्ने शब्दहरुको सट्टा "परिवारका सदस्यको जिम्मा जमानीमा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (३) मा रहेका "बैङ्क जमानतमा" भन्ने शब्दहरुको सट्टा "जिम्मा जमानीमा" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (५) झिकी उपदफाक्रम मिलाउने ।

(५) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "निजको बैङ्क जमानत जफत गरी" भन्ने शब्दहरु झिक्ने ।

(६) उपदफा (७) झिकी उपदफाक्रम मिलाउने ।

२७. दफा ३८ पछि देहायका दफा ३९, ४०, ४१ र ४२ थपी दफाक्रम मिलाउनेः-

"३९. ज्येष्ठ नागरिकलाई कैद सजाय छुट दिन सकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्थालाई मध्यनजर गरी नेपाल सरकारले देहाय बमोजिमको कैद छुट दिन सक्नेछः-

(क) पैंसठ्ठी वर्ष उमेर पुरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म,

(ख) सत्तरी वर्ष उमेर पुरा भई पच्चहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,

(ग) पचहत्तर वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम कैद कट्टा हुन नसक्ने बन्दीको हकमा कैद छुट दिन सकिने छैन ।

४०. कडा रोग लागेको वा अशक्त रोग लागेको कैदीलाई छोड्न सक्ने : मुटु रोग, मृगौंला रोग, क्यान्सर, पार्किङसन, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी वा सिकलसेल एनिमिया लागी निको हुन नसक्ने भनी मेडिकल बोर्डले सिफारिस गरेका वा दुवै आँखा नदेख्ने वा दुवै खुट्टा नचल्ने वा अङ्गभङ्ग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी सरकारी चिकित्सकले सिफारिस गरेका कैदीको हकमा विभागको स्वीकृति लिई कारागार प्रशासकले बाँकी कैद कट्टा हुने गरी परिवारका सदस्यको जिम्मामा छोड्न सक्नेछ ।

४१. विशेष कारागारमा बन्दी व्यवस्थापन : (१) प्रचलित कानून बमोजिम जीवित रहेसम्म कैद सजाय तोकिएका कैदीलाई विशेष कारागारमा राखिनेछ ।

(२) प्रचलित कानून बमोजिम जन्म कैदको सजाय तोकिएका कैदीलाई कसूरको प्रकृति, कसूरको गाम्भीर्यता वा सुरक्षा संवेदनशीलताको आधारमा विशेष कारागारमा राख्न सकिनेछ ।

(३) प्रचलित कानून बमोजिमको जघन्य कसूरको आरोपमा पूर्पक्षको लागि अदालतको आदेश बमोजिम विशेष निगरानी वा सुरक्षाका साथ थुनामा राख्नु पर्ने थुनुवालाई विशेष कारागारमा राख्न सकिनेछ । यसरी पुर्पक्षको लागि थुनामा राखिएका थुनुवालाई अन्य कैदी रहने कक्ष भन्दा छुट्टै कक्षमा राख्नु पर्नेछ ।

(४) विशेष कारागारको व्यवस्था नभएसम्मको लागि उपदफा (१) बमोजिमका बन्दीलाई सङ्घीय कारागारमा राखिनेछ ।

(५) विशेष कारागार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. खुला कारागार सम्बन्धी व्यवस्था : (१) कैद अवधिको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कैदीलाई कारागार प्रशासकले प्रचलित कानून बमोजिम खुला कारागारमा राख्न सिफारिस गर्न सक्नेछ ।

(२) खुला कारागारमा रहेका बन्दीलाई देहायको काममा खटाउन सकिनेछः-

(क) नेपाल सरकार वा प्रदेश सरकार मातहत सञ्चालित विकास आयोजना वा कार्यक्रममा वा कुनै सार्वजनिक निकायमा काम गर्न,

(ख) स्वयंसेवकको रुपमा काम गर्न,

(ग) क्षमता तथा सीप विकास सम्बन्धी तालिम लिन ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम काममा खटाइएको बन्दीलाई योगदानको आधारमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

"तर आंशिक समय काम गर्ने बन्दीलाई योगदानको आधारमा तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।"

(४) खुला कारागारमा रहेका बन्दीको विवरण कारागार प्रशासकले तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(५) खुला कारागार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२८. दफा ३९ दफाक्रम मिलाउँदा कायम हुने दफा ४३ को,-

(१) दफा शीर्षकको शुरुमा "महान्यायाधिवक्ताले" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (१) मा रहेका "प्रत्येक वर्ष" भन्ने शब्दहरु पछि "कम्तीमा एक पटक" भन्ने शब्दहरु थप्ने ।

(३) उपदफा (३) मा रहेका "दफा ४३" भन्ने शब्दहरुको सट्टा "दफा ५०" भन्ने शब्दहरु राखे ।

२९. दफा ३९ दफाक्रम मिलाउँदा कायम हुने दफा ४३ पछि देहायका दफा ४४, ४५ र ४६ थपी दफाक्रम मिलाउनेः-

"४४. न्यायाधीशले निरीक्षण गर्ने : उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले उच्च अदालतको प्रादेशिक अधिकार क्षेत्रभित्रको कारागारमा र जिल्ला न्यायाधीशले जिल्लाभित्रको कारागारमा प्रत्येक वर्ष कम्तीमा एक पटक निरीक्षण गर्नु पर्नेछ ।

४५. प्रमुख जिल्ला अधिकारीले निरीक्षण गर्ने : (१) प्रमुख जिल्ला अधिकारीले तीन महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार कारागारको निरीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले निरीक्षण गर्दा देहायका विषयमा निरीक्षण गर्नु पर्नेछः-

(क) कारागार सुरक्षाको उचित प्रबन्ध भएको छ वा छैन ?

(ख) कैदीले कैद म्याद भुक्तान भएको दिन रिहाई पाउने गरेका छन् वा छैनन् ?

(ग) अदालतबाट तोकिएको पेशीमा बन्दीहरु समयमा अदालतमा उपस्थित हुन पाउने गरेका छन् वा छैनन् ?

(घ) बन्दीको लागि उपलब्ध हुने गरेको रासन समयमा प्राप्त हुने गरेको र गुणस्तरीय छ वा छैन ?

(ङ) बन्दीहरुको लागि यस ऐन बमोजिम औषधि उपचारको व्यवस्था छ वा छैन ?

(च) प्रचलित कानून बमोजिम बन्दीहरुले प्राप्त गर्नुपर्ने सेवा सुविधा प्राप्त हुने गरेको छ वा छैन ?

(३) उपदफा (१) र (२) बमोजिम निरीक्षण गरी सोको प्रतिवेदन सङ्घीय कारागारको हकमा मन्त्रालय र विभागमा तथा प्रदेश कारागारको हकमा मन्त्रालय, विभाग र सम्बन्धित प्रदेश सरकारको कारागार हेर्ने मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

४६. <u>बन्दीलाई छाडिदिन सक्ने</u> : (१) दफा ४३, ४४ वा ४५ बमोजिम निरीक्षण गर्ने अधिकारीले कारागारको निरीक्षण गर्दाका क्रममा कुनै बन्दी निजलाई तोकिएको कैद अवधिभन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानूनले थुन्न पाउने भन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो बन्दीलाई तुरुन्त छाडिदिने आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएकोमा सोको पालना गर्नु सम्बन्धित कारागार प्रशासकको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारीले कुनै बन्दीलाई छाडिदिने आदेश दिएकोमा वा कारागार निरीक्षण गर्दा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुरा देखेमा सो कुरा समेत खुलाई सर्वोच्च अदालत, मन्त्रालय र विभागमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कारागार निरीक्षण गर्ने अधिकारीले कुनै कर्मचारी वा सुरक्षाकर्मीको लापरवाहीको कारणले कुनै बन्दी निजलाई तोकिएको कैद अवधिभन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानूनले थुन्न पाउने भन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो कर्मचारी वा सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।"

३०. दफा ४० दफाक्रम मिलाउँदा कायम हुने दफा ४७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखेः-

"(१) दफा ४३, ४४ वा ४५ बमोजिम कारागार निरीक्षण गर्दा कुनै त्रुटि फेला पारेमा वा कुनै कुरामा सुधार गर्नु पर्ने देखेमा निरीक्षण गर्ने अधिकारीले कारागार प्रशासकलाई आवश्यक निर्देशन दिन सक्नेछ ।"

३१. दफा ४३ दफाक्रम मिलाउँदा कायम हुने दफा ५० को,-

(१) उपदफा (१) को खण्ड (क) को,-

(क) उपखण्ड (२) र (३) को सट्टा देहायका उपखण्ड (२) र (३) राखेः-

"(२) कारागारभित्र हुलदङ्गा गरेमा,

(३) बन्दी, कारागार कार्यालयका कर्मचारी वा आगन्तुकको शरीर बन्धक लिएमा, निजलाई आक्रमण गरेमा वा यातना दिएमा,"

(ख) उपखण्ड (३) पछि देहायको उपखण्ड (४) थपी उपखण्डक्रम मिलाउनेः-

"(४) कारागारभित्रको संरचना वा कुनै वस्तु नष्ट गर्ने उद्देश्यले नियतवश आगजनी गराएमा,"

(२) उपदफा (१) को खण्ड (घ) को,-

(क) उपखण्ड (४) मा रहेका "बिना अधिकार" भन्ने शब्दहरुको सट्टा "अनुमति बिना" भन्ने शब्दहरु राख्ने ।

(ख) उपखण्ड (६) मा रहेका "आगलागी गरेमा," भन्ने शब्दहरु झिक्ने ।

(३) उपदफा (१) को खण्ड (ङ) को उपखण्ड (२) मा रहेको "अनैतिक," भन्ने शब्द झिक्ने ।

(४) उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थप्नेः-

"(च) कसैले कुनै बन्दी विरुद्ध यौन दुर्व्यवहार सम्बन्धी कसूर गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा थप दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।"

(५) उपदफा (३) को ठाउँ ठाउँमा रहेको "कर्मचारी" भन्ने शब्दको सट्टा "कर्मचारी वा सुरक्षाकर्मी" भन्ने शब्दहरु राख्ने ।

(६) उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः-

"(४) दफा ३७ को उपदफा (२) बमोजिम जिम्मा जमानीमा छोडिएको बन्दी सो अवधिमा कारागारमा उपस्थित नभएमा त्यसरी जिम्मा जमानी लिने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।"

३२. विधेयकको दफा ४४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५१ को उपदफा (१) र (२) मा रहेका "दफा ४३" भन्ने शब्दहरुको सट्टा "दफा ५०" भन्ने शब्दहरु राख्ने ।

३३. विधेयकको दफा ४५ दफाक्रम मिलाउँदा कायम हुने दफा ५२ मा रहेका "दफा ४३" भन्ने शब्दहरुको सट्टा "दफा ५०" भन्ने शब्दहरु राख्ने ।

३४. विधेयकको दफा ४६ दफाक्रम मिलाउँदा कायम हुने दफा ५३ को उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका "दफा ४७" भन्ने शब्दहरुको सट्टा "दफा ५४" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (ख) मा रहेका "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा प्रचलित कानून बमोजिम निषेध गरिएको बस्तु बाहेक यो ऐन विपरीत अन्य" भन्ने शब्दहरु राख्ने ।

३५. विधेयकको दफा ४७ दफाक्रम मिलाउँदा कायम हुने ५४ को,-

(१) दफा शीर्षकमा रहेका "बनाउन सक्ने" भन्ने शब्दहरुको सट्टा "बनाउने" भन्ने शब्द राख्ने ।

(२) उपदफा (१) मा रहेका "बनाउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "बनाई लागू गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (३) मा रहेका "कर्मचारी वा सुरक्षाकर्मीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ" भन्ने शब्दहरुको सट्टा "कर्मचारी वा सुरक्षाकर्मीलाई दफा ५४ को उपदफा (१) बमोजिमको जरिबानाको अतिरिक्त प्रचलित कानून बमोजिम विभागीय सजाय समेत हुनेछ" भन्ने शब्दहरु राख्ने ।

३६. विधेयकको दफा ४८ दफाक्रम मिलाउँदा कायम हुने दफा ५५ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) र (३) थपी उपदफाक्रम मिलाउनेः-

"(२) उपदफा (१) बमोजिम चौकिदार, नाइके वा सहनाइके तोक्दा सम्भव भएसम्म प्रचलित कानून बमोजिम कैद कट्टा नहुने कसूरमा कैदमा रहेको बन्दीलाई तोक्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम चौकीदार, नाइके वा सहनाइके तोक्दा एक वर्ष भन्दा बढी अवधिको लागि तोक्नु हुँदैन र एक पटक त्यस्तो कुनै जिम्मेवारी प्राप्त गरेको बन्दीले त्यस्तो जिम्मेवारी पुरा गरेको एक वर्ष पुरा नभई सोही वा अर्को जिम्मेवारी प्राप्त गर्ने गरी तोक्नु हुँदैन ।"

(२) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "सजाय माफी वा कम नहुने" भन्ने शब्दहरुको सट्टा "कैद कट्टा नहुने" भन्ने शब्दहरु राखी सो उपदफाको अन्त्यमा "त्यस्ता बन्दीले त्यस्तो जिम्मेवारी प्राप्त गरे वापत तोकिए बमोजिमको पारिश्रमिक पाउने छन् ।" भन्ने वाक्य थप्ने ।

३७. विधेयकको दफा ४८ दफाक्रम मिलाउँदा कायम हुने दफा ५५ पछि देहायको दफा ५६ थपी दफाक्रम मिलाउनेः-

"५६. <u>गुनासो वा उजुरी गर्न सक्ने:</u> (१) बन्दीले आफुलाई परेको मर्का सम्बन्धमा व्यक्तिगत वा सामहिक रुपमा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था कारागार प्रशासकले मिलाउनु पर्नेछ ।

(२) दफा ४३, ४४ वा ४५ बमोजिम हुने निरीक्षणको क्रममा बन्दीले आफुलाई परेको मर्का सम्बन्धमा त्यसरी निरीक्षण गर्ने अधिकारी समक्ष गुनासो वा उजुरी गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गुनासो वा उजुरी परेमा कारागार प्रशासकले सो सम्बन्धमा यथाशीघ्र छानविन गरी त्यस्तो गुनासो वा उजुरीको विषयमा आवश्यक कारबाही गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको गुनासो वा उजुरीको विषय निरीक्षण गर्ने अधिकारीले सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको गुनासो वा उजुरीको सम्बन्धमा सम्बन्धित निकाय वा अधिकारीले आवश्यक कारबाही गरी सोको जानकारी त्यसरी निरीक्षण गर्ने अधिकारीलाई समेत गराउनु पर्नेछ ।"